नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

# प्रेस विज्ञप्ति

चीन अन्तराष्ट्रिय विकास सहयोग निकाय (China International Development Cooperation Agency - CIDCA) का उपाध्यक्ष श्री याङ वेइहुनले मा.उपप्रधानमन्त्री एवं अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेलसँग आज अर्थ मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो। उक्त शिष्टाचार भेटमा नेपाल र चीन बीच रहेको द्विपक्षीय सम्बन्धका विविध पक्षका वारेमा छलफल भयो। भेटघाटका क्रममा उपाध्यक्ष श्री याङ वेइहुनले नेपालसँगको सहकार्यलाई थप मजबुत वनाउँदै नेपालको विकासमा चिनियाँ सहयोगलाई निरन्तरता दिने जानकारी गराउनु भयो। उक्त भेटका अवसरमा मा.उपप्रधानमन्त्री एवं अर्थमन्त्री श्री पौडेलले नेपालको आर्थिक विकासमा चीनको सहयोग महत्त्वपूर्ण रहँदै आएको र आगामी दिनमा समेत नेपालको विकासको आवश्यकता र प्राथमिकतामा चीन सरकारको सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभयो। उक्त अवसरमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि नेपाल सरकारले चीनको एक्जिम वैङ्कबाट लिएको १३७८.७४ मिलियन चिनियाँ युआन (हालको विनिमय दर अनुसार करिव रू. २५ अर्ब ८८ करोड) को ऋणलाई अनुदानमा परिणत गर्न अनुरोध गर्नुभयो। साथै मा. उपप्रधानमन्त्री एवं अर्थमन्त्री श्री पौडेलले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माणको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरि पूर्वाधार निर्माण गर्न चीन सरकारको सहयोगका लागि अनुरोध गर्नुभयो। उपाध्यक्ष श्री याङ वेइहुनले नेपाल सरकारको तर्फबाट अनुरोध प्राप्त यी विषयलाई चिनियाँ पक्षले अध्ययन गरी थप प्रक्रिया अगाडि वढाउने जानकारी दिनुभयो।

उक्त अवसरमा काठमाडौं चक्रपथको कलङ्कीदेखि वसुन्धरा महाराजगञ्जसम्मको ८.२ किलोमिटर सडक निर्माण तथा हिल्सा-सिमिकोट सडकखण्डलाई दुई लेनमा स्तरोन्नति, मुस्ताङको कोरला नाकामा आइसिपी (ICP) र आइसिडी (ICD) निर्माण, र अरनिको राजमार्गको मर्मत सुधार तथा पहिरो नियन्त्रण सम्वन्धी कार्यको सम्भाव्यता अध्ययन गर्ने सहित चारवटा छुट्टाछुट्टै सहयोग आदान प्रदान सम्वन्धी पत्र (Letter Of Exchange) मा माननीय उपप्रधान एवं अर्थमन्त्री र चिनियाँ राजदूतको उपस्थितिमा नेपाल सरकारको तर्फबाट अर्थसचिव डा. रामप्रसाद घिमिरेले र चीनको तर्फवाट चीन अन्तराष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष श्री याङ वेइहुनले हस्ताक्षर गर्नुभयो। साथै, पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको निर्माणका लागि नेपाल सरकारले चीनको एक्जिम वैंकवाट लिएको ऋणलाई अनुदानमा परिणत गर्न अनुरोध गर्दै आजै चिनियाँ पक्षलाई पत्राचार समेत गरियो।

मितिः २०८१/०५/०६

(महेश भट्टराई)
प्रवक्ता / सहसचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np